प्रदेश सरकार

# पर्यटन, वन तथा वातावरण मन्त्रालय

कोशी प्रदेश, विराटनगर

मितिः २०८१/०६/११

नेपाल सम्वतः ११४४ जंलागा दशमी

## शुभकामना सन्देश

पर्यटन क्षेत्रको सामाजिक, साँस्कृतिक तथा आर्थिक महत्व तथा उपादेयता सम्बन्धी अन्तराष्ट्रिय समुदायमा जनचेतना अभिबृद्धि गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घ विश्व पर्यटन सङ्गठनको अपिलमा "साँस्कृतिक सम्पदा, शान्ति र आपसी समझदारीमा पर्यटनक्षेत्रको योगदान" भन्ने नाराका साथ सन् १९८० देखि अन्तर्राष्ट्रिय स्तरमा विविध कार्यक्रम सञ्चालन गरी विश्व पर्यटन दिवस मनाइदै आएको छ ।

यसै सन्दर्भमा आज मिति २०८१ असोज ११ गते (सेप्टेम्बर २७ २०२४) का दिन "पर्यटन, न्याय र शान्ति" भन्ने मूल नाराका साथ मनाइने ४५ औं विश्व पर्यटन दिवसका शुभ अवसरमा पर्यटन क्षेत्रमा अनवरत रुपमा योगदान पुर्याउँदै आउनु भएका संरक्षित क्षेत्रका उपभोक्ताहरु, वन उपभोक्ता समूह, पर्यटन व्यवसायी, निजी तथा सार्वजनिक क्षेत्र लगायत सम्पूर्ण सरोकारवालाहरुलाई असिम शुभकामना तथा आभार व्यक्त गर्न चाहन्छु ।

प्राकृतिक, साँस्कृतिक, भौगोलिक, जैविक तथा सामाजिक विविधताहरूले गर्दा विकास र समृद्धिका असीमित सम्भावना बोकेको हाम्रो प्रदेशको हरेक ढुंगा, माटो, देवी देवता, जल, जंगल, जमिन, कला, सँस्कृति, पाखा पखेरा, खोला नाला, छाँगा छहरा, थुम्का र चुलीहरुमा पर्यटनको सुवासको आभाष गर्न सकिन्छ । यिनै सम्भावनाहरुलाई अवसरको रुपमा लिदै कोशी प्रदेश सरकारले विक्रम सम्बत् २०८२ लाई कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को रुपमा अगाडि सारेको छ । पर्यटन क्षेत्रले राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र, नेपाल सरकारको दीर्घकालिन सोच "समृद्ध नेपाल, सुखी नेपाली" र प्रदेश सरकारको दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) को सोच "सुशासित, खुशी, आर्थिक रुपले गतिशिल र समुन्नत प्रदेश" मा उल्लेख्यनीय योगदान पुर्याउने विश्वास लिएको छु । प्रदेशको समुन्नत विकासको मेरुदण्डको रुपमा रहेको पर्यटन क्षेत्रलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखी प्रादेशिक नीति तथा कार्यक्रम मार्फत पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकासका गतिविधिहरु सञ्चालन गर्दै आएकोमा पूर्वाधार विकासका लागि सञ्चालन गरिने कृयाकलापहरु दिगो विकासका लक्ष्यहरु प्राप्ति तर्फ निर्देशित हुने र वातावरणमैत्री तरिकाले सञ्चालन हुने आशा राखेको छु ।

अन्त्यमा; भाषा, धर्म, सँस्कृति, पृथक भौगोलिक वनावट तथा प्रकृतिका अनुपम उपहार प्राप्त गरेको हाम्रो प्रदेशमा बाह्रै महिना, सबै ऋतु, हरेक मेला, महोत्सब, चाडपर्वहरुमा प्रत्येक जिल्ला र स्थानीय तहहरुले यहाँको भाषा, सँस्कृति, परम्परा, भेषभुषा, खाना, गीतसंगीत, धर्म, आस्था एवं विश्वासका साथै सामाजिक साँस्कृतिक सहिष्णुताको प्रेमभावको रंगहरुलाई समेटेर पर्यटनका सम्भावनाहरुको ईन्द्रेणी पस्केका छन् । यस विविधतायुक्त प्राकृतिक, सामाजिक तथा साँस्कृतिक सम्पदाहरु नै पर्यटन विकासका मूल आधारहरु हुन्। पर्यटन विकासका लागि निजी क्षेत्रको भूमिका अत्यन्त महत्वपूर्ण रहँदै आएको छ। यस प्रदेशमा आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउने कार्यमा निजी क्षेत्रसँग काँधमा काँध राखी सहकार्य गर्ने अठोटका साथ पर्यटकीय गन्तव्यहरुको दिगो विकास तथा प्रर्वद्धन र पर्यटकीय उपजहरुको बजारीकरणमा आवद्ध रहनु भएका सबै सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिँदै ग्रामिण, सँस्कृति तथा प्रकृतिमा आधारित पर्यटन विकासको साझा लक्ष्यमा जिम्मेवार भई अगाडी बढ्न प्रेरणा मिलोस् भन्ने शुभेक्षा प्रकट गर्दै ४५ औं विश्व पर्यटन दिवसको अवसरमा शुभकामना व्यक्त गर्न चाहन्छु ।

सदानन्द मण्डल

मन्त्री, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश

CamScanner